# मकालु गाउँपालिका
## MAKALU RURAL MUNICIPALITY
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of Rural Municipal Executive
स्थापना: २०७३ (Estd: 2073)

नुम, सङ्खुवासभा
Num, Sankhuwasabha
कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal

पत्र संख्या: २०८३/०८४
Ref. No.: 2083/084
चलानी नं:
Dispatch No.: 269

**विषयःकरार सेवामा पदपुर्ति सम्बन्धी सूचना ।**

(प्रथम पटक प्रकाशित मितिः २०८३।०५।२५ )

मकालु गाउँपालिका, गाउँकार्यपालिका कार्यालयको लागि आवश्यक पर्ने तपसिल बमोजिमको स्वीकृत दरवन्दीको रिक्त रहेको पदमा सेवा करारमा पदपुर्ति गर्नु पर्ने भएको हुँदा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र योग्यता पुगेको इच्छुक नेपाली नागरिकले माग बमोजिमका विवरण सहित दरखास्त आवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल:

| वि.नं. | पद | सेवा/समूह | तह/श्रेणी | संख्या | कामकाजको लागि खटाईने कार्यालय |
|---|---|---|---|---|---|
| MO१-२०८३/८४ | मेडिकल अधिकृत | स्वास्थ्य/ज.हे.स. | ८ (आठौं) | १(एक) | नुम प्राथमिक स्वास्थ्य केन्द्र,मकालु-५, संखुवासभा । |
| SN२-२०८३/८४ | स्टाफ नर्स | स्वास्थ्य/ज.न. | ५ (स.पाँचौ) | १(एक) | नुम प्राथमिक स्वास्थ्य केन्द्र,मकालु-५, संखुवासभा । |
| ANM३-२०८३/८४ | अ.न.मी. | स्वास्थ्य/क.न. | ४ (स.चौथो) | १(एक) | याफू स्वास्थ्य चौकी, मकालु-६, डाँडागाउँ, संखुवासभा । |

- दरखास्त दिने अवधि: २०८३।०५।२५ गते देखि २०८३।०६।०८ गते सम्म ।
- दरखास्त दिने स्थान: मकालु गाउँपालिका, नुम, संखुवासभा ।
- दरखास्त दस्तुर: अधिकृत स्तरमा रु १००० र सहायक स्तरको लागि रु ५००/- मात्र आवेदकले मकालु गाउँपालिका ग १.१ आन्तरिक राजस्व खाता नं. ०२६१५३८९५५४ सिद्घार्थ बैंक नुममा दाखिला गरिएको सक्कल बैंक भौचर वा मकालु गाउँपालिकाको राजस्व शाखामा बुझाएको सक्कल नगदी रसिद संलग्न राखुपर्नेछ ।
- परीक्षाको किसिम: लिखित र मौखिक ।
- पाठ्यक्रम: प्रचलित कानून बमोजिम हुनेछ ।
- परीक्षा मिति: दरखास्त दिने मितिको अन्तिम दिनको भोलि पल्ट सम्पर्क मितिमा तोकिनेछ ।
- पारिश्रमिक तथा अन्य सुविधा: मेडिकल अधिकृतको लागि रु १ लाख र अन्यको हकमा तह अनुसारको स्केल तलव ।
- आवश्यक शैक्षिक योग्यता ।
- नेपाली नागरिक ।
- नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट **MBBS, PCL Nursing** र **ANM** कोर्ष उत्तिर्ण गरि NNC, NMC मा दर्ता भएको हुनु पर्नेछ ।
- उमेर:१८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनु पर्नेछ ।
- अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।
- दरखास्त साथ पेश गर्नु पर्ने कागजातहरुः कार्यालयले तय गरेको आवेदन फारममा माग गरे बमोजिमको विवरण, शैक्षिक योग्यताको प्रमाणपत्र प्रतिलिपि ( SLC/SEE देखि सम्बन्धित योग्यता सम्मको ), नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि , कार्यअनुभव भए सोको प्रतिलिपि,प्रचलित नेपाल सरकारको कानून बमोजिम विभिन्न काउन्सिल वा परिषदमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि ।
- म्याद नाघी वा रितपुर्वक नआएमा आवेदन उपर कारबाही हुने छैन ।
- दरखास्त आवेदन फारम यस कार्यालयको वेवसाईट www.makalumun.gov.np बाट डाउनलोड गरी पुर्ण रुपमा विवरण भरि आवश्यक कागजात संलग्न गरि पालिकाको इमेल ठेगाना makalu.health2026@gmail.com, gaupalikamakalu@gmail.com मा पनि पठाउनु सकिनेछ ।
- सूचना र पदपूर्तिसंग सम्बन्धित सबै अधिकार कार्यालयमा निहित रहनेछ । थप जानकारीको लागि सम्पर्क नं. ९७४२२८२०२६, ९८४३१२१४२५, ९७४६९५३०८४, ९८४४१७१३१२ मा सम्पर्क गर्न सकिनेछ ।

इन्द्र बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत